# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं चैत्र १६ गते २०१० साल


## भाग २

## अर्थमन्त्रालय (आय–विभाग) को सूचना

पत्रसंख्या १०। गृ. प्र. वि. ५२।५७५२ ०१०।१२।८।१

भन्सार बजारहरूले महसूल बुझेको रसीद दिनेबारे ०१०।१२।१ मा

सदर भएको नियम

सबै बजार भन्सारहरूले महसूल बुझाएको रसीद दिंदा मालको विवरण, नाप, तौल, गिन्ती, मोल, महसूल खुलाएर दिनू। सो रसीदको अधकट्टीमा मालधनीको सहि गराईं लिनू र सोही अधकट्टीबाट निकाशी पैठारीको तेरीज खडा गर्नू र स्याहामा पनि यो यो मितिको यति यति नं. को रसीदको महसूल मोरु यति भनी आमदानी



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाँध्ने गर्नु र सो अधकट्टी स्याहाको साथ दाखिल गर्ने गर्नू। बही बुझ्ने अड्डाले पनि सो अधकट्टीसमेत जो भिडाउनुपर्ने भिडाई दरदाम स्रेस्ता जाँची फारख दिने गर्नू, साबिकबमोजिम लगत--कितप खडा गरिरहनुपर्दैन।

आज्ञाले—
हिमालयशमशेर,
सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको विज्ञप्ति

पत्रसं. गृ. प. वि. ५४।५८४२ मिति २०१०-१२-११.

"च्यारिटी शो" को मनोरञ्जनकर माफी गर्ने विषयमा निम्नलिखित नियम ०१०।१०।२७।३ मा सदर भएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला।

(१) सरकारको इजाजत लिई सार्वजनिक हितको संस्था वा कार्यलाई चन्दा दिन गरेको 'च्यारिटी शो' बाट भएको आमदानीमध्ये बाजवी खर्च (जुन मनोरञ्जन करबाहेकको आमदानीको शयकडा ५० भन्दा बढी हुने हुँदैन) कटाई बाँकी सो संस्था वा कार्यलाई चन्दा दिए मनोरञ्जन—कर माफी हुने, नत्र नहुने। यस्तो 'च्यारिटी शो' गर्न अगाडि अर्थविभागबाट स्वीकृति लिनुपर्छ र खेल सकिएपछि आमदानी खर्च र दाम बुझाएको रसीदसहितको हिसाब पेश गरी मनोरञ्जन—कर मिन्हा गराई लिने।

(२) सार्वजनिक हितको संस्थाको अर्थ—शिक्षासंस्था, औषधालय, अनाथालय, वैज्ञानिक अनुसन्धानशाला इत्यादि जो सरकारमा रजिष्टर भएका र साधारण-तथा वर्ष १ वा सोभन्दा बढी समयदेखि चालु भइरहेका र आमदानी खर्चको हिसाब स्वतन्त्र हिसाबले जाँच हुने, नफाको उद्देश्य लिएर चालु नगराएका संस्थाहरू हुन। सार्वजनिक हितको कार्यको अर्थ—सार्वजनिक संस्थाहरूलाई

२३६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मद्दत गर्ने वा खडा गर्ने वा बाटो, पुल, पौवा, पानी, धारा, इनार, कुवो इत्यादि जनहितको कुराहरू बनाउन वा दैवी प्रकोप, असहाय जनताको सहायता गर्न गरिएको कार्य हो,—जुन सरकारको इजाजत लिएर गरिएको वा सरकारको देखरेखमा चल्ने हुनुपर्छ। सार्वजनिक हितको संस्था वा कार्यको निमित्त 'च्यारिटी शो' गर्न इजाजतको निमित्त निवेदन गर्दा सो संस्था वा कार्य उपरोक्त परिभाषा—अनुसारको हो भन्ने कुराको बडाहाकिम वा मैजिष्ट्रेटको सर्टिफिकेट पेश गर्नुपर्छ।

(२) सबै कुरा माथि केन्द्रीय अर्थविभागमा आइरहँदा ढिलो हुन जाने हुँदा वर्षको १ पटकसम्मलाई जिल्लाका बडाहाकिम वा मैजिष्ट्रेटले एक संस्थालाई एक 'शो' सम्म मनोरञ्जन–कर मिन्हा दिन पाउनेछ।

आज्ञाले—

हिमालयशमशेर जङ्गबहादुर राणा,
सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

०१० साल माघ ५ गते हाकिम, तहरीर, असिस्टेन्ट, बही बुझाउनेहरूको विशेष तलबबारे प्रकाश भएका गजेटको मतलब धेरैजसो कर्मचारीहरूले राम्रोरी बुझ्न नसकी किसिम किसिमको सोधनीको रिपोर्ट यस मन्त्रालयमा पठाउन थालेकोले यो स्पष्टीकरण प्रकाश गरिएको छः—

(१) हाकिम, तहरीर, असिस्टेन्ट, वा बही बुझाउने मात्र भएमा एकै महलको मात्र विशेष तलब खुवाए पुग्ने र हाकिम, तहरीर वा असिस्टेन्ट र बही बुझाउने पनि भएमा सो २ महलको विशेष तलबहरूमध्ये जुन बढी हुन्छ, सो एकै कलम मात्र खुवाउनुपर्ने हुनाले सोबमोजिम गर्ने गर्नू।

(२) हाकिम, डिट्ठा, खरीदारलाई साबिक ठेकिएको मासिक तलब रु. ८५ मध्ये रु. ७० तलब गरी बाँकी १५ विशेष तलब गरिएकोले महँगी भत्तातर्फ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
230

मासिक रु. ७० सम्म तलब खानेले १२।५० मात्र महँगी भत्ता पाउने नै साबिक खाई पाई रहेको अंकमा समेत घट्न जाने हुनाले सो पदमा बहाल रही मासिक रु. ७० तलब खाउन्जेल रु. २।५० दरले थपी साबिकबमोजिम रु. १५ दरले महँगी भत्ता खुवाउनू भन्ने स्पष्ट लेखिएकोमा पनि हालसम्म कायम रहेका हाकिम डिठ्ठा खरीदारलाई भन्ने बोलि परेकोले रु. १२।५० मात्र साबिक खाई रहनेहरूलाई पनि रु. २।५० दरले थप खुवाउने हो कि भन्ने जाहेरी आएकोले दोहोऱ्याई स्पष्ट गरिन्छ कि हालसम्म कायम रहेका भन्ने लेखिएको मतलब सो गजेट प्रकाश हुनुअगावै साबिक महँगी भत्ता १५ खाई रहेका हाकिम, डिठ्ठा, खरिदार, जसलाई अहिले तलबको अंक घटेका कारणले महँगी भत्ता घटने हुन्छ। त्यस्ताहरूलाई मात्र सो पदमा बहाल रही मासिक रु. ७० तलब खाउन्जेल मात्र सो २।५० दरले थप महँगी भत्ता खुवाउनुपर्ने हुनाले सोबमोजिम गर्नुहोला।

(३) हाकिम, तहरीर, असिस्टेन्ट भनी कम्याण्डरी कितावखानामा दर्ता भएकालाई मात्र मान्नुपर्ने हुनाले सोबमोजिम गर्नुहोला।

(४) बही बुझाउने भनेकोमा हाकिमले बही नबुझाई तहरीरले अथवा अरूले आफू मुख्य भै बही बुझाएकोमा मात्र जजसले सोबमोजिम गरेको छ, उस उसले नै बही बुझाएको ठहर्दछ। हाकिमले मुख्य भै बही बुझाउनेमा स्याहा स्रेस्तामा सहिछाप गरेको सम्म नाताले अरूले पनि बही बुझाएको ठहरिनेछैन।

आज्ञाले—

हिमालयशमशेर जङ्गबहादुर राणा,

सेक्रेटरी— अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३५